# प्रदेश लोकसेवा आयोग

## लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा अन्तर्गत सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

**सूचना नं २००/०८१-०८२** **प्रकाशन मितिः २०८१/०९/२६**

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम लुम्बिनी प्रदेश सरकार अन्तर्गत विभिन्न मन्त्रालय तथा कार्यालयहरुबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका उल्लेखित सेवा, समुह र उपसमूहका सहायकस्तर पाँचौं तहका (प्राविधिक/अप्राविधिक) पदहरुमा अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (online) माध्यमवाट दरखास्त आव्हान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ ।

**प्रदेश निजामती सेवा अन्तर्गत सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| | | | **१. प्रदेश प्रशासन सेवा** | | | |
| १ | ५००१७/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | अन्तर तह | २ | |
| | | लेखापाल | लेखा | | २ | |
| २ | ५००१८/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | खुला | ८ | २०८१।११।१७ दिउँसो ४:०० बजे |
| | | लेखापाल | लेखा | | ५ | |
| | | राजस्व सहायक | राजस्व | | १ | |
| | ५००१९/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | खस आर्य महिला | १ | |
| | | लेखापाल | लेखा | | १ | |
| | ५००२०/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | आ.ज. महिला | १ | |
| | | लेखापाल | लेखा | | १ | |
| | ५००२१/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | मधेशी महिला | १ | |
| | | लेखापाल | लेखा | | १ | |
| | ५००२२/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | दलित महिला | १ | |
| | | लेखापाल | लेखा | | १ | |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**
**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| | ५००२३/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | थारु महिला | १ | |
| | ५००२४/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | विपन्न खस आर्य महिला | १ | |
| | ५००२५/२०८१-८२ | वरिष्ठ प्रशासन सहायक | सामान्य प्रशासन | मुस्लिम महिला | १ | |
| ३ | ५००२६/२०८१-८२ | तथ्याङ्क सहायक | तथ्याङ्क | खुला | १ | २०८१।११।१९ दिउँसो ४:०० बजे |
| **२. प्रदेश स्वास्थ्य सेवा** | | | | | | |
| | ५१०४१/२०८१-८२ | कबिराज | आयुर्वेद | खुला | १ | २०८१।११।१९ दिउँसो ४:०० बजे |
| ४ | ५१०४२/२०८१-८२ | डेन्टल हाईजिनिष्ट | स्वास्थ्य/जनरल डेन्टल | खुला | १ | २०८१।११।२१ दिउँसो ४:०० बजे |
| | ५१०४३/२०८१-८२ | रेडियोग्राफर | रे.ग्रा. | खुला | १ | |
| ५ | ५१०४४/२०८१-८२ | हेल्थ असिष्टेण्ट | हे.ई. | अन्तर तह | १ | २०८१।१२।०२ अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५१०४५/२०८१-८२ | हेल्थ असिष्टेण्ट | हे.ई. | खुला | ३ | |
| | ५१०४६/२०८१-८२ | हेल्थ असिष्टेण्ट | हे.ई. | आ.ज. महिला | १ | |
| | ५१०४७/२०८१-८२ | हेल्थ असिष्टेण्ट | हे.ई. | मधेशी महिला | १ | |
| | ५१०४८/२०८१-८२ | मेडिकल रेकर्ड सुपरभाईजर | मे.रे. | अन्तर तह | १ | |
| | ५१०४९/२०८१-८२ | मेडिकल रेकर्ड सुपरभाईजर | मे.रे. | खुला | २ | |
| | ५१०५०/२०८१-८२ | मेडिकल रेकर्ड सुपरभाईजर | मे.रे. | आ.ज. महिला | १ | |
| ६ | ५१०५१/२०८१-८२ | एनेस्थेसिया सुपरभाइजर | एनेस्थेसिया | अन्तर तह | १ | २०८१।१२।०६ अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५१०५२/२०८१-८२ | एनेस्थेसिया सुपरभाइजर | एनेस्थेसिया | खुला | २ | |
| | ५१०५३/२०८१-८२ | एनेस्थेसिया सुपरभाइजर | एनेस्थेसिया | आ.ज. महिला | १ | |
| | ५१०५४/२०८१-८२ | ल्याब टेक्निसियन | मे.ल्या.टे. | अन्तर तह | १ | |
| | ५१०५५/२०८१-८२ | ल्याब टेक्निसियन | मे.ल्या.टे. | खुला | २ | |
| | ५१०५६/२०८१-८२ | ल्याब टेक्निसियन | मे.ल्या.टे. | आ.ज. महिला | १ | |
| ७ | ५१०५७/२०८१-८२ | स्टाफ नर्स | ज.न. | अन्तर तह | १ | २०८१।१२।०८ विहान ८:०० बजे |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**
**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| | ५१०५८/२०८१-८२ | स्टाफ नर्स | ज.न. | खुला | ३ | २०८१।१२।०९ दिउँसो ४:०० बजे |
| | ५१०५९/२०८१-८२ | स्टाफ नर्स | ज.न. | आ.ज. महिला | १ | |
| | ५१०६०/२०८१-८२ | स्टाफ नर्स | ज.न. | मधेशी महिला | १ | |
| ८ | ५१०६१/२०८१-८२ | फार्मेसी सुपरभाईजर | स्वास्थ्य/फार्मेसी | अन्तर तह | १ | २०८१।१२।१३ गते शुक्रवार अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५१०६२/२०८१-८२ | फार्मेसी सुपरभाईजर | स्वास्थ्य/फार्मेसी | खुला | १ | |
| ९ | ५१०६३/२०८१-८२ | पब्लिक हेल्थ नर्स | स्वास्थ्य/प.हे.न. | अन्तर तह | १ | २०८१।१२।२५ गते शुक्रवार अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५१०६४/२०८१-८२ | पब्लिक हेल्थ नर्स | स्वास्थ्य/प.हे.न. | खुला | १ | |
| | ५१०६५/२०८१-८२ | पब्लिक हेल्थ नर्स | स्वास्थ्य/प.हे.न. | आ.ज. महिला | १ | |
| **३. प्रदेश इन्जिनियरिङ्ग सेवा** | | | | | | |
| १० | ५२०१०/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | अन्तर तह | २ | २०८१।१२।१६ गते शनिवार अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | २ | |
| | ५२०११/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | खुला | ६ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | ५ | |
| | ५२०१२/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | खस आर्य महिला | १ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | १ | |
| | ५२०१३/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | आ.ज. महिला | १ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानेटरी | | १ | |
| | ५२०१४/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | मधेशी महिला | १ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | १ | |
| | ५२०१५/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | दलित महिला | १ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | १ | |
| | ५२०१६/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | थारु महिला | १ | |
| | | सव इन्जिनियर | सिभिल/स्यानिटरी | | १ | |
| | ५२०१७/२०८१-८२ | सव इन्जिनियर | सिभिल/इरिगेशन | विपन्न खस आर्य महिला | १ | |

| क्र.सं. | विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| ११ | ५२०१८/२०८१-८२ | सव इन्जिनियर | सिभिल/वि एण्ड आर | अन्तर तह | १ | २०८१।१२।२० अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५२०१९/२०८१-८२ | सव इन्जिनियर | सिभिल/वि एण्ड आर | खुला | २ | |
| | ५२०२०/२०८१-८२ | सव इन्जिनियर | सिभिल/वि एण्ड आर | आ.ज. महिला | १ | |
| | ५२०२१/२०८१-८२ | हा जि प्राविधिक | जियो./हाजी | खुला | १ | |
| **४. प्रदेश कृषि सेवा** | | | | | | |
| १२ | ५३०१६/२०८१-८२ | पशु स्वास्थ्य प्राविधिक | भेटेरिनरी | अन्तर तह | १ | २०८१।१२।२८ अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५३०१७/२०८१-८२ | पशु स्वास्थ्य प्राविधिक | भेटेरिनरी | खुला | १ | |
| १३ | ५३०१८/२०८१-८२ | बाली प्राविधिक | बाली संरक्षण | अन्तर तह | १ | २०८१।१२।३० अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५३०१९/२०८१-८२ | बाली प्राविधिक | बाली संरक्षण | खुला | १ | |
| | | कृषि प्राविधिक | कृषि प्रसार | | १ | |
| | | बागवानी प्राविधिक | बागवानी | | १ | |
| | | माटो प्राविधिक | माटो विज्ञान | | १ | |
| | | कृषि प्राविधिक | एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | ५३०२०/२०८१-८२ | बाली प्राविधिक | बाली संरक्षण | आ.ज. महिला | १ | |
| **५. प्रदेश वन सेवा** | | | | | | |
| १४ | ५४०१४/२०८१-८२ | भु संरक्षण सहायक | स्वाइल एण्ड वाटर कन्जरभेसन | अन्तर तह | १ | २०८२।०१।०४ अन्तरतह-विहान ८:०० बजे खुला-दिउँसो ४:०० बजे |
| | ५४०१५/२०८१-८२ | रेन्जर | फरेष्ट्री रिसर्च | खुला | १ | |
| | | भु संरक्षण सहायक | स्वाइल एण्ड वाटर कन्जरभेसन | | १ | |
| | ५४०१६/२०८१-८२ | बोटनी प्राविधिक | प्रदेश वन/बोटनी | खुला | १ | |
| १५ | ५४०१७/२०८१-८२ | रेन्जर | जनरल फरेष्ट्री | अन्तर तह | १ | २०८२।०१।०६ अन्तरतह-विहान ८:०० बजे खुला तथा समावेशी-दिउँसो ४:०० बजे |
| | ५४०१८/२०८१-८२ | रेन्जर | जनरल फरेष्ट्री | खुला | ३ | |
| | ५४०१९/२०८१-८२ | रेन्जर | जनरल फरेष्ट्री | खस आर्य महिला | १ | |
| | ५४०२०/२०८१-८२ | रेन्जर | जनरल फरेष्ट्री | आ.ज. महिला | १ | |
| | ५४०२१/२०८१-८२ | रेन्जर | जनरल फरेष्ट्री | मधेशी महिला | १ | |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**

**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| | |
|---|---|
| **परीक्षाको किसिमः-** | पाठ्यक्रममा तोकिए अनुसार ।(संशोधित पाठ्यक्रम आयोगको वेभसाईटमा उपलब्ध छ) |
| **परीक्षा केन्द्रः-** | बुटवल । |
| **परीक्षाको माध्यमः-** | परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । |
| **दरखास्तको माध्यमः-** | आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ । |
| **दरखास्त दस्तुरः-** | दरखास्त दस्तुर रु. ५००।- (पाँच सय रुपैयाँ) बुझाउनु पर्नेछ । थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. २००/- (दुई सय रुपैयाँ) थप दस्तुर बुझाउनुपर्नेछ । |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ । Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ । Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ । यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ । |
| **दरखास्त दिने अन्तिम मितिः-** | २०८१।१०।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।१०।२५ गतेसम्म । |
| **उम्मेदवारको उमेरको हदः-** | ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।१०।१८ सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>❖ संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका स्थायी कर्मचारीहरुमा उमेरको हद लाग्ने छैन । |
| **पेश गर्नुपर्ने कागजातहरुः-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ ।<br>*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाके बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम । |
| **सेवा, शर्त र सुविधाः-** | सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने । |
| **सेवा सम्बन्धी मन्त्रालयः-** | सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय । |

**आवश्यक न्यूनतम योग्यताः**

(क) अन्तरतह प्रतियोगिताको लागि आवश्यक योग्यता

१. प्रदेश निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले निजामती सेवा ऐन, २०८० को दफा १०(४) र प्रदेश निजामती सेवा नियमावलीको नियम ७० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ उपदफा(२) बमोजिम अयोग्य नभएको ।

(ख) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन् ।

(ग) अन्तरतह/खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता

१. प्रदेश प्रशासन सेवा/सामान्य प्रशासन समूह/सहायकस्तर पाचौं तह/वरिष्ठ प्रशासन सहायक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह/१२ कक्षा वा सो सरह उत्तीर्ण गरेको ।

२. प्रदेश प्रशासन सेवा/लेखा समूह/सहायकस्तर पाचौं तह/लेखापाल पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा प्रविणता प्रमाण पत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह/ प्लस टु वा सो सरह उत्तीर्ण गरेको ।

३. प्रदेश प्रशासन सेवा/तथ्याङ्क समूह/सहायकस्तर पाचौं तह/तथ्याङ्क सहायक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

४. प्रदेश प्रशासन सेवा/राजश्व समूह/सहायकस्तर पाचौं तह/वरिष्ठ राजश्व सहायक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा कानूनमा प्रविणता प्रमाण पत्र तह/प्लस टु वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह/ प्लस टु वा सो सरह उत्तीर्ण गरेको ।

५. प्रदेश वन सेवा/जनरल फरेष्ट्री समूह/सहायकस्तर पाचौं/रेन्जर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर, वनस्रोत मापन(फरेष्ट मेन्सुरेन्स) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

६. प्रदेश वन सेवा/फरेष्ट रिसर्च समूह/सहायकस्तर पाचौं/रेन्जर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

७. प्रदेश वन सेवा/स्वाइल एण्ड वाटर कन्जरभेसन समूह/सहायकस्तर पाचौं/भु-संरक्षण सहायक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

८. प्रदेश वन सेवा/बोटानी समूह/सहायकस्तर पाचौं/बोटानी प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट बायोलोजी (बोटानी) विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

९. प्रदेश ईन्जिनियरिङ्ग सेवा/सिभिल समूह/ईरिगेशन उपसमूह/सहायकस्तर पाचौं तह/सब-ईन्जिनियरिङ्ग पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

१०. प्रदेश ईन्जिनियरिङ्ग सेवा/सिभिल समूह/स्यानिटरी उपसमूह/सहायकस्तर पाचौं तह/सब-ईन्जिनियरिङ्ग पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

११. प्रदेश ईन्जिनियरिङ्ग सेवा/सिभिल समूह/बि.एण्ड.आई. उपसमूह/सहायकस्तर पाचौं तह/सब-ईन्जिनियरिङ्ग पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित ईन्जिनियरिङ्ग/सिभिल वा आर्किटेक्चर विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण।

१२. प्रदेश ईन्जिनियरिङ्ग सेवा/ जियोलोजी समूह/हाइड्रोजियोलोजी उपसमूह/सहायकस्तर पाचौं तह/हाइड्रोजियोलोजी प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा बि.एस्सी. वा सो सरह उत्तीर्ण ।

१३. प्रदेश कृषि सेवा/बाली संरक्षण समूह/सहायकस्तर पाचौं तह/बाली प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(कृषि विज्ञान) कोर्ष उत्तीर्ण ।

१४. प्रदेश कृषि सेवा/कृषि प्रसार समूह/सहायकस्तर पाचौं तह/कृषि प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(कृषि विज्ञान) कोर्ष उत्तीर्ण ।

१५. प्रदेश कृषि सेवा/बागवानी विकास समूह/ सहायकस्तर पाचौं तह/बागवानी प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(कृषि विज्ञान) कोर्ष उत्तीर्ण ।

१६. प्रदेश कृषि सेवा/माटो विज्ञान समूह/ सहायकस्तर पाचौं तह/माटो प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(कृषि विज्ञान) कोर्ष उत्तीर्ण ।

१७. प्रदेश कृषि सेवा/एग्री इकोनोमिक्स एण्ड एग्री मार्केटिङ्ग समूह/सहायकस्तर पाचौं तह/कृषि प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(कृषि विज्ञान) कोर्ष उत्तीर्ण ।

१८. प्रदेश कृषि सेवा/भेटेरिनरी समूह/सहायकस्तर पाचौं/पशु स्वास्थ्य प्राविधिक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी.एग्री.(पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधीको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टि.ए.(पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टि.(पशु विज्ञान) कोर्ष उत्तीर्ण ।

१९. प्रदेश स्वास्थ्य सेवा/हेल्थ ईन्स्पेक्सन समूह/ सहायकस्तर पाचौं तह/हेल्थ असिष्टेण्ट पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उत्तीर्ण ।

२०. प्रदेश स्वास्थ्य सेवा/जनरल नर्सिङ्ग समूह/सहायकस्तर पाचौं तह/स्टाफ नर्स पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।

२१. प्रदेश स्वास्थ्य सेवा/मेडिकल ल्याब टेक्नोलोजिष्ट समूह/सहायकस्तर पाचौं तह/ल्याब टेक्निसियन पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्याब विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

२२. प्रदेश स्वास्थ्य सेवा/रेडियोग्राफी समूह/सहायकस्तर पाचौं तह/रेडियोग्राफर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफी विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

२३. प्रदेश स्वास्थ्य सेवा/मेडिकल रेकर्ड समूह/सहायकस्तर पाचौं तह/मेडिकल रेकर्ड सुपरभाईजर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङक शास्त्र वा गणित विषयमा स्नातक उपाधी प्राप्त ।

२४. प्रदेश स्वास्थ्य सेवा/मेडिकल रेकर्ड समूह/सहायकस्तर पाचौं तह/फार्मेसी सुपरभाईजर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

२५. प्रदेश स्वास्थ्य सेवा/कम्युनिटी नर्सिङ्ग/पब्लिक हेल्थ नर्सिङ्ग समूह/सहायकस्तर पाचौं तह/पब्लिक हेल्थ नर्स पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट पब्लिक हेल्थ नर्सिङ्ग वा नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।

२६. प्रदेश स्वास्थ्य सेवा/डेन्टिष्ट्री समूह/जनरल डेन्टल उपसमूह/सहायकस्तर पाचौं तह/डेन्टल हाईजिनिष्ट पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट डेण्टल हाईजिनिष्टमा प्रमाण पत्र तह उत्तीर्ण ।

२७. प्रदेश स्वास्थ्य सेवा/एनेस्थेसिया समूह/सहायकस्तर पाचौं तह/एनेस्थेसिया सुपरभाइजर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट डेण्टल हाईजिनिष्टमा प्रमाण पत्र तह उत्तीर्ण ।

२८. प्रदेश स्वास्थ्य सेवा/आयुर्वेद समूह/सहायकस्तर पाचौं तह/कविराज पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वेद विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ ।

(क) खस आर्य महिलाको हकमा: राष्ट्रिय समावेशी आयोगले खस आर्य जाति भनी सूचीकृत गरेका थर भनी स्थानीय तहले प्रमाणित गरेको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ख) आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ग) मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(घ) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

(ङ) थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

(च) विपन्न खस आर्यका हकमा : प्रचलित कानून बमोजिम प्राप्त गरेको गरिब घरपरिवार परिचय पत्रको आधारमा वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भएका खस आर्य समूदायको नागरिक भएको भनी स्थानीय तहले सिफारिस गरेको प्रमाणित कागजात दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(छ) मुस्लिमका हकमा : मुस्लीम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लीम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

*(ज) स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयवाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाईँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाईँसराई गरेको कागजात ।*

**द्रष्टव्य**

(क) पहिलो चरणमा उतिर्ण भएका उम्मेदवारलाई मात्र दोस्रो चरणको परीक्षामा सहभागी गराईनेछ ।

(ख) दोस्रो चरणको परीक्षा मिति र समय पहिलो चरणको परीक्षाको नतिजा प्रकाशन पश्चात प्रकाशन गरिनेछ ।

(ग) अप्राविधिक तर्फ पहिलो चरणको परीक्षाको प्राप्ताङ्क कुल प्राप्ताङ्कमा गणना गरिनेछैन। तर प्राविधिक तर्फको पहिलो चरणको परीक्षाको प्राप्ताङ्क कुल प्राप्ताङ्कमा गणना गरिनेछ ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

(छ) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

(ज) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ । सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ ।

(ञ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

(ट) माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

(ठ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समूहका सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने बढुवाको सूचना ।

**सूचना नं १९८/०८१-०८२** **प्रकाशन मिति २०८१/०९/२६**

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम तपसिल बमोजिमका पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/११/०१ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समुह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्धारा हुने बढुवा पद संख्या |
|---|---|---|---|---|---|
| १. | ८९/०८१/०८२ | वरिष्ठ प्रशासन सहायक | पाँचौं | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| २. | ९०/०८१/०८२ | लेखापाल | पाँचौं | प्रदेश प्रशासन/सामान्य प्रशासन/लेखा | १ |
| ३. | ९१/०८१/०८२ | रेन्जर | पाँचौं | प्रदेश वन /जनरल फरेष्ट्री | १ |
| ४. | ९२/०८१/०८२ | सब-ईन्जिनियर | पाँचौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | १ |
| ५. | ९३/०८१/०८२ | सब-ईन्जिनियर | पाँचौं | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | १ |

दरखास्त फाराम प्रदेश लोकसेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
२. जेष्ठताको गणना लुम्बिनी प्रदेश निजामती सेवा ऐन २०८० को दफा २७ बमोजिम हुनेछ ।
३. बढुवाको लागि लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।
४. दरखास्त फाराम भर्दा निजामती कितावखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।
७. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको हकमा लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:** | रु. ५००/- (पाँच सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थान:** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ |
| **कार्यालय कोड:** | २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग) |
| **राजस्व शिर्षक नं.** | १४२२४ |

***नोट:*** *जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।*

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समुहका सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा हुने बढुवाको सूचना ।

**सूचना नं १९९/०८१-०८२** **प्रकाशन मिति २०८१/०९/२६**

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम तपसिल बमोजिमका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/११/०१ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समुह | कार्यक्षमता मूल्याङ्कनद्धारा हुने बढुवा पद संख्या |
|---|---|---|---|---|---|
| १. | ९४/०८१/०८२ | वरिष्ठ प्रशासन सहायक | पाँचौं | प्रदेश प्रशासन/सामान्य प्रशासन/ | २ |
| २. | ९५/०८१/०८२ | लेखापाल | पाँचौं | प्रदेश प्रशासन/सामान्य प्रशासन/लेखा | १ |
| ३. | ९६/०८१/०८२ | रेन्जर | पाँचौं | प्रदेश वन /जनरल फरेष्ट्री | १ |
| ४. | ९७/०८१/०८२ | सब-इन्जिनियर | पाँचौं | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | २ |
| ५. | ९८/०८१/०८२ | सब -ईन्जिनियर | पाँचौं | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | १ |
| ६. | ९९/०८१/०८२ | सब -ईन्जिनियर | पाँचौं | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | १ |
| ७. | १००/०८१/०८२ | हेल्थ असिष्टेण्ट | पाँचौं | प्रदेश स्वास्थ्य/हे.ई. | १ |
| ८. | १०१/०८१/०८२ | स्टाफ नर्स | पाँचौं | प्रदेश स्वास्थ्य/ज.न. | १ |
| ९. | १०२/०८१/०८२ | मेडिकल रेकर्ड सुपभाईजर | पाँचौं | प्रदेश स्वास्थ्य/मे.रे. | १ |
| १०. | १०३/०८१/०८२ | एनेस्थेसिया सुपरभाइजर | पाँचौं | प्रदेश स्वास्थ्य/एनेस्थेसिया | १ |

दरखास्त फाराम प्रदेश लोकसेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. बढुवाको लागि लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।

२. लुम्बिनी प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

३. दरखास्त फाराम भर्दा निजामती कितावखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

६. बढुवा सम्बन्धी अन्य व्यवस्था लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

| | |
|---|---|
| **दरखास्त दस्तुरः** | रु. ५००/- (पाँच सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ |
| **कार्यालय कोडः** | २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग) |
| **राजस्व शिर्षक नं.** | १४२२४ |

***नोटः*** *कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।*